पञ्ञा नरानं रतन
तिपिटक
अ.ने.भि. महासंघ द्वारा संचालित
नेपाल बौद्ध परियत्ति शिक्षा
स्थापित बु.सं. २५०७

# परियत्ति

PARIYATTI BULLETIN बुलेटीन

अंक-२१ | बु.सं. २५६७ | बि.सं. २०८१ बैशाख २९ गते शनिवार | ने.सं. ११४४ | ई.सं. २०२४

## नेपाल बौद्ध परियत्ति शिक्षाको ५ वर्षे रणनीतिक योजना (२०८०/८१ - २०८४/८५) अनुसार प्रगति विवरण




अखिल नेपाल भिक्षु महासंघद्वारा संचालित नेपाल बौद्ध परियत्ति शिक्षाको ५ वर्षे रणनीतिक योजना नेपाल बौद्ध परियत्ति शिक्षा सम्बन्धित विविध उपसमिति एवं सदस्यहरुको गोष्ठीमा बृहत छलफल गरी तर्जुमा गरेकोलाई अखिल नेपाल भिक्षु महासंघको मिति २०८० श्रावण ५ गते बसेको कार्यकारिणी समितिको बैठकबाट पारित गरिएको थियो । परियत्ति शिक्षालाई व्यापकरुपमा प्रचार प्रसार गर्नमा योगदान पुर्‍याउने, बन्द भइरहेका पुराना केन्द्रहरू पुनः सञ्चालन गर्न, नेपालमा परियत्ति शासन मजबुत पार्न जनशक्तिको परिचालन गर्न, परियत्ति शिक्षाको लक्ष्यप्रति साझा अवधारणा स्थापित गर्न, नियमित अनुगमन गर्न, परियत्ति शिक्षाको लक्ष्य प्राप्तिका लागि मार्गदर्शन प्रदान गर्ने जस्ता औचित्यतालाई मध्यनजर गरी नेपाल बौद्ध परियत्ति शिक्षाको ५ वर्षे रणनीतिक योजना तयार गरिएको थियो ।

सो ५ वर्षे रणनीतिक योजनाको दीर्घकालीन लक्ष्यः गुणस्तरीय परियत्ति शिक्षाको माध्यमबाट असल नागरिक तयार पार्नु रहेको छ । रणनीतिक योजना ४ वटा लक्ष्यहरूमा केन्द्रीत गरिएको छ :

लक्ष्य १: परियत्ति शिक्षाको संस्थागत विकास, दक्ष जनशक्ति उत्पादन तथा केन्द्रहरूको विस्तार गर्ने ।

लक्ष्य २: गुणस्तरीय पाठ्यक्रम तर्जुमा र पाठ्यपुस्तक उपलब्ध गराउने ।

लक्ष्य ३: गुणस्तरीय र व्यवस्थित परीक्षा प्रणालीको विकास गर्ने ।

लक्ष्य ४: परियत्ति सम्बन्धमा आवश्यक अनुसन्धान गर्ने जनशक्ति निर्माण गर्ने ।

बाँकी पृष्ठ ७ मा

## परियत्ति प्रतिज्ञा

**नेपाल बौद्ध परियत्ति शिक्षा अध्ययन गरी मैले भगवान् बुद्धको उपदेशहरू सिक्ने मौका पाएँ । यसको लागि अखिल नेपाल भिक्षु महासंघप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु। नेपाल बौद्ध परियत्ति शिक्षाबाट प्राप्त ज्ञानलाई मैले आफ्नो शारीरिक, वाचसिक र मानसिक कर्मले पालन गर्नेछु। मैले यो ज्ञान मेरो परिवार र समुदायलाई पनि सिकाउनेछु। यसरी नै परियत्ति शिक्षाको विद्यार्थी भएको नाताले बुद्धधर्मको विकास र संरक्षणमा सदा संलग्न भई सक्दो योगदान दिने कार्यमा निरन्तर लाग्नेछु।**

सम्पादकीय

# परियत्तिलाई लुम्बिनी बौद्ध विश्वविद्यालयको मान्यता : अवसर र चुनौति

**- त्रिरत्न मानन्धर "परियत्ति सद्धम्म कोविद"**

नेपाल बौद्ध परियत्ति शिक्षामा कोविद उत्तीर्ण बिद्यार्थीहरुलाई लुम्बिनी विश्वविद्यालयले मोनायस्टिक एम. ए अध्ययनको लागि स्वीकृति प्रदान गरेको छ । ६२ वर्ष देखी अनवरत संचालनमा आइरहेको परियत्ति शिक्षाका सबै सरोकार वालाहरुको लागि यो एक महत्वपूर्ण उपलब्धिको रुपमा लिन सकिन्छ। अखिल नेपाल भिक्षु महासंघ, नेपाल बौद्ध परियत्तिमा लागि परेका भिक्षु, अनागारिका, उपासक, उपासिका, शिक्षक विद्यार्थी सबैको लागि यो एक गौरबको विषय बन्न गएको छ । यसले समग्र थेरवाद बुद्धशासनको प्रचारको लागि एक महत्वपूर्ण अवसर प्राप्त भएको छ। पक्कै पनिनेपाल बौद्ध परियत्तिको लागि यो एक अवसर र गौरबको विषय हो । तर साथै यसलाई चुनौतिको रुपमा पनि लिनु पर्ने र आगामी दिनहरुमा यसबाट आउने चुनौतिहरुको पनि सामना गर्न पनि तत्पर हुनुपर्ने देखिन्छ ।

हुनतः परियत्तिको अन्तिम तह उत्तीर्णहरु धेरै जसो विश्वविद्यालयको शिक्षामा पनि स्नातक र स्नात्तकोत्तर तह उर्त्तीर्ण भइसकेका हुन्छन् । अहिले सम्म कोविद तह उत्तीर्ण भएकाहरु मध्ये करीव ९० प्रतिशत भन्दा बढी स्नातक भैसकेकको कुरा तथ्यांकले बताइरहेको छ। परियत्ति अध्ययन श्रद्धाभिभूत भएर जीवनको लागि नभई नहुने शिक्षाको रुपमा लिएर विश्वविद्यालयबाट स्नातक मात्र नभई स्नात्तकोतर, विद्यावारीधि गर्नेहरुले पनि अध्ययन गरिरहेकाहरु पनि रहेका छन् ।

हालको लुम्बिनी विश्वविद्यालयको निर्णय अनुसार विश्वविद्यालयमा अध्ययन नगरेता पनि परियत्ति सद्धम्म कोविद उपाधि प्राप्त हुनेहरुले एम.ए मोनायष्टिक पढ्न सक्ने अवसर प्राप्त भएको छ। यसले आगामी दिनहरुमा परियत्तिलाई अझ बढी महत्व दिएर अध्ययन गर्नेहरुको संख्या बढाउनको लागि सहज बनाएको छ । अहिले थेरवाद बुद्धिष्ट एकेडेमीमा कोविद उत्तीर्ण विद्यार्थीहरुले पनि एम.ए. मोनायष्टिक अध्ययन गरिरहेको अवस्था छ । तर एम.ए मोनायष्टिक अध्ययन गर्दा ओपचारीक एम.ए सरह कै पाठ्यक्रम रहेको, प्रयोगात्मक जाँचहरु पनि दिनुपर्ने भएकोले विश्वविद्यालयको शिक्षा प्रति अनभिज्ञ रहेका परियत्ति विद्यार्थीहरुका लागि केही कठिनाईको सामना गर्नुपर्ने परिस्थिति आउने सम्भावना पनि उत्तिकै रहेको देखिन्छ ।

विशेष गरी नेपाली माध्यमबाट मात्र अध्ययन गरिरहेकाहरुलाई अंग्रेजी विषयबाट अध्यापन गर्ने परम्पराका कारण परियत्ति बाट प्रवेश गरेका हरुलाई केही कठिनाइ हुने सम्भावना रहेको छ । त्यस्तै विषयगत रुपमा प्रि बोर्ड परीक्षा, प्रस्तुतिकरण, कक्षापत्र लेखन, अनुसन्धान पद्धतिको अध्ययन, शोधपत्र लेखनमा पनि ती विद्यार्थीहरुलाई कठिन हुने सम्भावन रहेको छ । यस्ता कठिनाइका कारण उत्साहित भएर अध्ययन गरेकाहरुले बीचमै पढाई छोडेर गएमा परियत्ति विद्यार्थीहरुको क्षमता माथि पनि प्रश्न उठ्न सक्दछ । यस्ता परिस्थितिहरु लाई सामना गर्नको लागि सम्बन्धित पक्षहरु चनाखो भएर लाग्नु पर्ने आवश्यक देखिन्छ । परियत्तिका उत्पादनहरु विश्वविद्यालयका शिक्षामा कमजोर नभई पूर्ण सक्षम छन् भनेर सन्देश दिनको लागि परियत्ति संग सम्बन्धित पक्षहरुले आवश्यक व्यवस्थापन गर्नु आवश्यक देखिन्छ । विशेषगरी कोविदको पाठ्यक्रमलाई शसक्त बनाउनु, परीक्षा प्रणालीमा सुधार गर्नु र परियत्तिका शिक्षकहरुले महत्वपूर्ण भूमिका खेल्नु पर्ने देखिन्छ ।

विशेष गरी कोविद उत्तीर्ण विद्यार्थीहरुलाई एम.ए कक्षामा अंग्रेजीभाषामा प्राध्यापन गर्ने र नोट्सहरु दिने परम्पराले अलि कठिनता महशूस हुन सक्ने सम्भावना छ। त्यसकारण विद्यार्थीहरुले अंग्रेजी भाषाको बारेमा पनि केही अध्ययन गर्ने प्रवृत्ति विकास गर्नु आवश्यक हुन्छ । अहिले अवस्थामा अंग्रेजी भाषा अन्तर्राष्ट्रिय भाषामात्र नभई समग्र पालि साहित्य अंग्रेजी भाषामा सुरक्षित भईसकेको र विभिन्न विश्लेषणात्मक र अनसन्धनात्मक लेखहरु यहि भाषामा बढी भएको कारणले बौद्ध साहित्य अध्ययनको लागि अंग्रेजी भाषा पनि सहायक हुन सक्ने परिस्थिति छ । शिक्षकहरुले पनि अब मात्र अंग्रेजीमा नोट्सहरु उपलव्ध गराउनुको सट्टा आवश्यक परेमा नेपालीमा पनि रुपान्तरण गरेर तयार पार्नु आवश्यक हुन सक्छ ।

कोविदको तहमा पनि एम.ए. मोनायष्टिक पढ्दा सहज हुने तवरले पाठ्यक्रमलाई परिमार्जित गर्नु आवश्यक हुनेछ। विशेष गरी, अनुसन्धानको पाठ्यक्रम, प्रयोगात्मक रुपमा कक्षापत्र लेखन, गोष्ठी आदिको विषयहरु संग परियत्रि विद्यार्थीहरु अपरिचित नहुने तवरले अध्यापनमा जोड् दिनु आवश्यक देखिन्छ । आवश्यक परेमा उनीहरुको लागि विशेष कक्षाको व्यवस्थापन गर्नु पर्ने हुन्छ। परियत्तिमा लागि परेका शिक्षक, विद्यार्थी तथा अन्य सरोकार वालाहरुको प्रयासले नै परियत्ति विद्यार्थीहरु एम.ए मा पनि अब्बल हुन सक्ने कुरामा दुईमत हुँदैन ।

पञ्ञा नरानं रतन
परियत्ति
अ.ने.भि. महासंघ द्वारा संचालित
नेपाल बौद्ध परियत्ति शिक्षा
स्थापित बु.सं. २५०७

निर्देशक
**भिक्षु धम्मशोभन महास्थविर**
अध्यक्ष, अखिल नेपाल भिक्षु महासंघ
फ्रा.खु विशाल, शिक्षाध्यक्ष - ने.बौ.प.शिक्षा
मो. ९८४१३७४१९६

सल्लाहकार
**भिक्षु शीलभद्र महास्थविर**
सह-शिक्षाध्यक्ष - ने.बौ.प.शिक्षा
मो. ९८४१३३५०७२

सम्पादन मण्डल
**भिक्षु बोधिज्ञान**
*केन्द्रिय परीक्षा नियन्त्रक, मो. ९८५११६७५२५*
**त्रिरत्न मानन्धर**
मो. ९८४१३७९७६०
**देवेन्द्र बज्राचार्य**
मो. ९८०३१५३६३८

कम्प्युटर सेटिङ्ग
**विनोद महर्जन**
मो. ९८४१४८१८८३

प्रकाशन
**नेपाल बौद्ध परियत्ति शिक्षा दिक्षान्त समारोह समिति**

मुद्रणः
**आइडियल प्रिन्टिङ्ग प्रेस**
ग्वार्को, ललितपुर, फोनः ५४३०५२२

**यस परियत्ति बुलेटिन प्रकाशनार्थ सहयोग गरिदिनु भई परियत्ति शिक्षाप्रति माया र सद्भाव राख्नुहुन विनम्र अनुरोध गर्दछौं ।**

**सम्पर्क सचिवालय**
**विश्व शान्ति विहार**
**मीनभवन, काठमाडौं**
**फोनः ४१०६९३६**
P.O. Box: 183
E-mail: pariyatti2556@gmail.com
Web: www.nbps.org.np
www.facebook.com /nepalbauddhapariyattishiksha

# पालि भाषाको कक्षा सञ्चालन भए सुनमा सुगन्ध नै हुने थियो



**कृष्ण प्र. मानन्धर**, बोधिचर्या परियत्ति केन्द्र

**अन्तवार्ता**

**काभ्रेपलाञ्चोक जिल्लाको बनेपाको भोलाखाटोल वडा नं ७ (वर्तमान वडा नं ८) मा वि.सं.२०३४ माघ १५ गते पिता मंगलाल र माता कृष्णमाया मानन्धरका कान्छा सुपुत्रको रुपमा जन्मनु भएका कृष्ण प्रसाद मानन्धरले वर्तमान नेपालको आठौं संघनायक श्रद्धेय बोधिसेन महास्थविर ज्यूको अनुकम्पाबाट उपासक उपासिकाहरूलाई दिउँसो ४ बजेपछि हरेक हप्ताको एकदिन बौद्ध परियत्ति शिक्षा अध्यापन गराउने क्रियाकलापको शुरुवातसँगै वि.सं.२०७१ सालदेखि बोधिचर्या परियत्ति केन्द्रमा कक्षा १ देखि ७ को शुरुको महिनासम्म श्रद्धेय भन्तेज्यूमार्फत निरन्तर अध्ययन तथा त्यसपछि स्वअध्ययन एवं जुम अनलाइन कक्षाबाट अध्ययन गरी २०८० सालमा कोविद अन्तिम वर्ष पूरा गरी कोविद तहमा कक्षागत प्रथम स्थान ल्याउन सफल भएका थिए । हाल वहाँ हिमालय माध्यमिक विद्यालयमा शिक्षकको रुपमा कार्यरत हुनुहुन्छ भने बोधिचर्या परियत्ति केन्द्रका सचिवको रुपमा रही परियत्ति शिक्षकको रुपमा कार्य गर्दै रहनुभएको छ ।**

**१) परियत्ति सद्धम्म कोविदमा नेपाल अधिराज्यभर प्रथम हुनु भएको छ, कस्तो लागि रहेको छ तपाईंलाई ?**

बुद्धशिक्षालाई अनौपचारिक शिक्षाको रुपमा निरन्तर १० वर्षको मिहेनतबाट सैद्धान्तिक तथा व्यावहारिक नैतिक शिक्षाको ज्ञान एवं १० दिने ध्यान शिविरको प्रयोगात्मक ज्ञान पाउने अवसर पनि प्राप्त भई बुद्ध शिक्षालाई नजिकबाट मनदेखि नियाल्ने अवसर नेपाल बौद्ध परियत्ति शिक्षा तथा मलाई १० दिने विपश्यना ध्यान गर्ने कार्यमा पूरै प्रबन्ध मिलाइदिनुहुने मेरा सहकर्मी परियत्ति शिक्षक एवं कल्याणमित्र सोनी बज्राचार्य ज्यूलाई पनि हार्दिक कृतज्ञता व्यक्त गर्दै आफ्नो कोविद तहमा बोर्ड ल्याउने इच्छा पूर्ण भएकोमा अत्यन्तै हर्षित भएको छु। मिहेनतको फल मिठो हुन्छ भन्ने कुरालाई आत्मसात गर्न पाएको छु । यसले झन मलाई पछिका दिनमा गहन पूर्वक त्रिपिटकको अध्ययन गर्नमा उर्जा थप्ने काम समेत गरेको महसुस भएको छ।

**२) तपाईंको सफलताको कारणहरू के हुन् ?**

सर्वप्रथम मेरो परिवार, मेरा मावली पट्टिका कट्टर हिन्दू संस्कारमा हुर्कनु भएका मेरी पूजनीय हजूरआमा धनमाया मानन्धरलाई समेत थेरवादी बुद्धशासनमा श्रद्धा जगाईदिनुहुने, रुढिवादी समाजसँग लडेर सर्वप्रथम बुद्धशासनमा लाग्नु भएकी मेरी पूजनीय करुणामयी ममतामयी आमा, महायानमा झुकाव राख्नुहुने मेरा पूजनीय बुबा,श्रद्धेय वर्तमान नेपालका आठौं संघनायक भन्ते श्रद्धेय बोधिसेन महास्थविर ज्यू, बनेपा बोधिचर्या विहारमा बोधिचर्या ल्यायम्ह पुचःको सक्रियतामा वि.सं.२०६० सालमा बोधिचर्या परियत्ति केन्द्रको शुरुवात गर्नुहुने संस्थापक सदस्य ज्यूहरू, म लगायत मेरा परिवारलाई परियत्ति शिक्षा पढ्न हौसला प्रदान गर्नुहुने राजाराम श्रेष्ठ सर, पढाइमा एवं आचरणमा प्रतिस्पर्धीको रुपमा रहनु भएका मेरा सहपाठी एवं कल्याणमित्र सोनी बज्राचार्य ज्यू, कोरानाको बेलामा जुम अनलाइन कक्षाको शुरुवात गर्नुहुने तथा मलाई होस्टको रुपमा भूमिका निर्वाह गर्न सुवर्ण मौका प्रदान गर्नुहुने श्रद्धेय बोधिज्ञान महास्थविर ज्यू लगायत अनलाइन जुममार्फत कक्षा लिनुहुने सम्पूर्ण श्रद्धेय भन्ते ज्यूहरू, श्रद्धेय गुरुमाँ ज्यूहरू, बौद्ध विद्वान व्यक्तित्वहरू (आदरणीय त्रिरत्न मानन्धर सर, मदनरत्न मानन्धर सर) , परियत्तिको मेसेन्जर ग्रुपहरू, साथमा मेरा दाजुहरू, मेरी श्रीमती,छोराहरू मेरो यस सफलताका कारक तत्वहरु हुन् ।

**३) तपाईंले त वकिल पास गर्नु भएको रहेछ तर तपाई किन यस व्यवसायतिर लाग्नु भएन ?**

मैले एस.एल.सी.पश्चात २०५१ सालबाट २०५७ सालसम्म आइ.एल २ वर्ष र बी.एल.३ वर्ष पढेर नेपाल कानुन व्यवसायी परिषदबाट अधिवक्ता तहको लिखित परीक्षा र मौखिक परीक्षा उत्तीर्ण गरी २०५८ सालमा अधिवक्ताको लाइसेन्स(प्रमाणपत्र)लिएको थिएँ। यसै क्रममा अदालती काम कारवाहीमा हुने गरेका क्रियाकलापहरूलाई लगभग १५ दिन जति आफ्नै गुरुको ल फर्ममा काम गर्दा , नेपाल कानुन पत्रिकाको निर्णयहरूको अध्ययन लगायत अदालतका कामकारवाहीहरू प्रत्यक्ष रुपमा सर्वोच्च अदालत, स्थानीय काभ्रेपलाञ्चोक जिल्ला अदालतमा मुद्दाको तहकिकात हेर्दा त्यसले नैतिक आचरण गर्ने कार्यमा आफूलाई बाधा दिने प्रत्यक्ष अनुभव हुनाले यो पेशामा लाग्ने इच्छा भएन र अर्कोतिर एस.एल.सी.को लागि गणित विषयको ट्युसन पढाउने बानीले गर्दा लगायत विद्यालयबाट सोही विषयको अध्यापनको लागि बोलावट आएकोले विद्यालयमा शिक्षणको अवसर पनि मिलेकोले मनले नमानेको पेशाबाट म झन झन दूर हुँदै गएँ । साथै २०७१ सालदेखि परियत्ति शिक्षाको गहन अध्ययनको थालनीसँगै १० वर्षे अध्ययनको शुरुवात गर्दा यो पेशा( वकिल पेशा)मा नलाग्ने प्रण नैं गरेको छु।

**४) तपाईंको परियत्ति केन्द्रमा पढाइ कसरी चलिरहेको छ ?**

पहिला स्थानीय विद्यालयमा पनि एक दिन परियत्ति शिक्षक गएर अध्यापन गराउने परिपाटी शुरुवात भएकोमा बिचमा ग्याप भई बोधिचर्या विहारमा मात्र अध्यापन गराउने परिपाटी भएकोमा २०८० सालबाट एउटा नयाँ ट्रेन्डको शुरुवात यस परियत्ति केन्द्रका केन्द्राध्यक्ष श्रद्धेय बोधिसेन महास्थविर ज्यूसँग अनुमति लिनुभई यस संस्थाका अध्यक्ष मेरा आदरणीय दाई तेजप्रसाद मानन्धर ज्यूले पनौती बुद्ध विहारमा नमोबुद्ध ज्ञानमाला भजन गर्ने उपासक उपासिकाहरूलाई तथा वांख्यः ज्ञानमाला भजन खलःका भजनमा सहभागी हुनुहुने उपासक उपासिकाहरुलाई भने अर्कोतिर यस संस्थाका सदस्य संगिता शाक्य ज्यूले पनि दीपंकर मिसा पुचःको व्यवस्थापनमा त्यसका सदस्य तथा वहाँहरूका बालबालिकाहरूलाई परियत्ति शिक्षा पढाउने कार्यको थालनी भएको छ। जसले गर्दा अधवैंसे र वयोवृद्ध व्यक्तिहरूले पनि पढ्नमा अग्रसरता देखाएको कुरा २०८० सालको परीक्षा परिणामले पनि देखाएको छ।

बाँकी पृष्ठ ४ मा

**४) वर्तमान परिप्रेक्ष्यमा परियत्ति शिक्षाको विकासको गति कस्तो भइरहेको छ जस्तो लाग्छ तपाईलाई ?**

वि.सं.२०२० बाट शुरु भएको परियत्ति शिक्षा वर्तमान समयमा देशमा विभिन्न विद्यालयहरुमा कोर्सको रुपमा सञ्चालन भइरहेको , भारतमा संकाश्य नगरमा समेत परियत्ति शिक्षाको पुस्तक पढाइ भइरहेको, जुम अनलाइन कक्षाले गर्दा नेपालमा मात्र नभई विश्वका विभिन्न मुलुकमा रहनुभएका नेपाली आमाबुबा, दाजुभाइ, दिदीबहिनीहरूले समेत पालि भाषा, अभिधर्म तथा परियत्तिको कोर्ससँग सम्बन्धित महत्वपूर्ण विषयहरूको अध्ययन गर्ने तथा अनलाइन परीक्षा दिने सुनौलो अवसर मिलेको छ । जुम अनलाइन कक्षाको सबैभन्दा बढी लाभग्राही स्वयं म पनि एक हुँ । कोरोनाको समयबाट अनलाइन विद्यार्थी भर्ना गर्ने, परीक्षा फर्म भर्ने तथा रिजल्ट हेर्ने सफ्टवेयरको समेत विकास हुनु , परियत्ति शिक्षाको २०८०/०२/१५ गते ५ वर्षे रणनीतिक योजनाबाट विभिन्न उपसमितिहरू खडा भई क्रियाशील रुपमा काम अगाडि बढ्नु, बेलाबेलामा नेपालका काठमाडौं उपत्यकामा मात्र नभई उपत्यका बाहिरका ठाउँहरूमा प्रशिक्षक तालिमहरू हुनु, त्यसैगरी समयानुकुल पहिला कोविद हुन १० दिने ध्यान शिविर अनिवार्य बस्नुपर्ने प्रयोगात्मक परीक्षा भएकोमा अब कक्षा १ देखि नैं ध्यानको प्रयोगात्मक कक्षा अहिले ५ सम्म राखिएको छ भने अर्कोतिर कोविद गरेका विद्यार्थीहरूलाई थेरवाद बुद्धिष्ट एकेडेमीमा पालिमा स्नातकोत्तर (Masters) गर्ने अवसरको शुरुवात हुनु लगायत नयाँ पाठ्यक्रम अनुसार कक्षा ९ र १० मा सेमिनार पत्रको बुझाउनुपर्ने प्रावधानको व्यवस्था भई झन झन समयानुकुल सुधार भएको देख्दछु ।

**५) बौद्ध परियत्ति शिक्षाको अध्ययनले तपाईमा कस्ता परिवर्तनहरू आएका छन् ?**

म मेरी पूजनीय दिवंगत आमासँग विहार लगायत अरु ठाउँमा जाने क्रममा बुद्धपूजा, परित्राण,महापरित्राण पाठ गर्नुहुँदा सूत्रहरूको श्रवण त गरिन्थ्यो तर त्यसको अर्थ राम्ररी बुझेको थिइँन । तर बौद्ध परियत्ति शिक्षाको अध्ययन एवं अध्यापनको दौरानमा आफूलाई एउटा बुद्धशिक्षा अर्थात त्रिपिटकको अध्ययनबाट सही एवं यथार्थरुपबाट बुझ्ने अमूल्य अवसर प्राप्त भएको छ । त्यसै गरी पालि भाषाको अध्ययनलाई निरन्तर जारी राख्दा त्यसको ज्ञानले गर्दा अभिधर्मलाई बुझ्नमा हौसला मिलेको छ ।

त्यसैगरी १० दिने ध्यान शिविरले गर्दा सैद्धान्तिक ज्ञानलाई व्यावहारिक पक्षबाट अनुभूत गर्ने अभूतपूर्व अवसर मिलेको छ । वास्तविक रुपबाट मनलाई वशमा राख्ने तथा उदयव्ययको ज्ञानलाई ध्यान भावनाबाट बुझेर साँच्चै नै संवेदनाहरू त अनित्य रहेछन् भन्ने भावनाको बोध लगायत शील,समाधि र प्रज्ञाको तहगत विकासको चरणबारे जान्ने अवसर, त्रिलक्षण (अनित्य,दुःख र अनात्म) को ज्ञान पनि आफ्नै साँढे तीन हातको शरीरमा विपश्यना ध्यानले जान्ने अवसर पाएको छु। साथै परियत्ति शिक्षाको अध्ययनको क्रममा कर्म र कर्मफल प्रतिको विश्वासमा झन् निखारता आएको छ। यसकै कारणले गर्दा परिवार,समाज एवं आफ्नो कार्यक्षेत्रमा समेत अरुको विश्वासपात्रको रुपमा रहन पाएको छु । पहिला पहिला केही दुःख आपत आइपर्दा तुरुन्तै आँखामा आँशु झार्ने बानी थियो तर दुःख भनेको जन्म भएपछि आफूले नचाहेपनि आउने रहेछ भन्ने अवबोध गराएको छ । राग,द्वेष र मोहको जालबाट छुटकारा पाउने मार्गतिर लम्कनुपर्ने जीवनमा दुःख भएपनि सुख भएपनि त्यसलाई समतापूर्ण भावना (उपेक्षा)को भाव राख्नुपर्ने कुरा पनि सिक्न पाएको छु ।

**६) विद्यालयमा पाउने शिक्षा र परियत्ति शिक्षामा तपाईले के फरक पाउनुभयो ?**

विद्यालयमा प्रदान गरिने औपचारिक, अनलाइन कक्षाहरूले मानव जीवनमा विशेष गरी समाजमा प्रतिष्ठित हुने र धनार्जन गर्न सिकाउँछ भने परियत्ति शिक्षाले समाजमा शान्तिपूर्ण एवं स्वच्छ मन भएको मान्छेको रुपमा जिउन सिकाउँछ । मानिसहरूलाई धनार्जन गर्दै जाँदा त्यसले जीवनमा झन् झन् नजानिँदो तवरले दुःखको महासागरमा धकेल्छ भने परियत्ति शिक्षाले समाजमा असल आचरणबाट धन आर्जन गर्ने मार्ग तथा जीवन जिउने कला सिकाउँछ जसले वर्तमान जीवन एवं भावी जीवनलाई समेत सद्गतिमा लग्न पुलको रुपमा काम गर्दछ । वास्तविक रुपमा अनित्य,दुःख र अनात्मको ज्ञान परियत्ति शिक्षाले दिन्छ । वर्तमान वैज्ञानिक युगमा मानिस यान्त्रिक रुपमा रहन गई हरक्षण झुटो बोल्ने, इन्टरनेटको अनेक माध्यमबाट मानिसलाई ठगी गर्ने, फसाउने लगायत श्रीमान श्रीमतीबिच व्यभिचारको वातारण सृजना हुने , डान्स बार डिस्कोमा गएर धन एवं समयको दुरुपयोग गर्ने तथा प्राणी हिँसा गर्ने क्रियाकलापहरूको बढोत्तरी, आत्महत्याका घटनाहरूको वृद्धि भएको देखिन्छ । यस्ता समस्याहरूको समाधान परियत्ति शिक्षाको अध्ययन एवं व्यावहारिक प्रयोगले दिलाउँछ साथै आफ्नो परिवार, समाज, देश एवं विश्वमा नैं चतुर ब्रम्हविहार (मैत्री,करुणा,मुदिता,उपेक्षा) को विकास गराउने , चतुआर्य सत्य,आर्य अष्टाङ्गिक मार्गको शिक्षा प्रदान गर्दछ । त्यसले मानव जीवनलाई मानसिक,शारीरिक,बौद्धिक रुपमा विकसित बनाई परिष्कृत बनाइदिन्छ । जन्म,जरा,व्याधी,मरणरुपी भवसंसार चक्रबाट मुक्त भएको निर्वाणमा पुग्ने मार्गको ज्ञान दिन्छ ।

**७) वर्तमान अवस्थामा परियत्ति शिक्षामा कमजोरीहरू छन् कि ?**

परियत्ति शिक्षाको अध्ययनको क्रममा हेर्दा माथिल्लो तहको अर्थात कक्षा ९ र १० को पाठ्यपुस्तक प्रकाशन नहुनाले परीक्षामा कोर्स अफ स्टडीमा भएको र परीक्षामा आउने प्रश्नमा कहिलेकाहीं कोर्स बाहिरबाट पनि प्रश्न आउने देखिन्छ । यसलाई आगामी दिनमा कक्षा १० सम्मकै पाठ्यपुस्तक छपाई भएर त्यस्तो समस्याको समाधान हुनेछ भन्ने आशा राख्दछु। दीक्षान्त समारोहमा पहिला कोविद गरिसकेका सबै कोविद उपाधि धारीहरूलाई आमन्त्रण गरिएमा कार्यक्रमको शोभा अझ बढ्ने थियो । तालिम लिएका परियत्ति केन्द्रहरूले तालिमको प्रयोग कस्तो रुपमा गरिरहेका छन् भनी यथोचित समयमा अनुगमन एवं सुझावहरू दिन सकिएमा अझ परियत्ति शिक्षाको अध्ययन अध्यापनमा प्रभावकारिता आउने थियो ।

**८) तपाईको आगामी भविष्यको योजना**

बौद्ध परियत्ति शिक्षाको उत्थानको आफ्नै बोधिचर्या परियत्ति केन्द्रको सञ्चालनमा निरन्तर लागि पर्नेछु । यो शिक्षा बुद्धबाट उपदेशित भएपनि यो धर्म, सम्प्रदाय , दर्शनबाट बिल्कुल अलग्ग रहेकोले यो शिक्षा हर व्यक्तिको लागि आवश्यक छ भएको कुरा अरु अरुमा पनि पुऱ्याउने, यो कुरालाई आफैले गर र अनुभव गरेर हेर्नलाई अभिप्रेरित गर्ने, पालि भाषाको अध्ययनमा एउटा सानो खुड्किला मात्र चढ्ने काम आफूबाट भएको छ त्यसलाई अझ अध्ययन गर्दै लाने, त्रिपिटकको अध्ययनलाई जारी राख्ने , ध्यान भावनाको समयोचित अभ्यास गर्ने र अरुलाई पनि सिकाउने, ज्ञानमाला भजन कर्मी एवं बुद्ध शिक्षामा श्रद्धा राख्नुहुनेलाई ज्ञानमाला भजन गाउने मात्र होइन त्यसको अर्थ बुझ्न र त्यसलाई व्यवहारमा ल्याएमा मात्र त्यसको सही उपयोग हुने कुराहरू बुझाउने, बौद्ध क्रियाकलाप एवं कार्यक्रमहरूमा संलग्न हुने, श्रद्धेय भन्ते तथा गुरुमाँहरूसँग आफूले नबुझेको कुराहरूबारे जिज्ञासा राख्ने र उहाँहरूबाट त्यसको जानकारी लिने कार्यहरू गर्दै जानेछु र राष्ट्रिय स्तरमा हुने परियत्ति अध्यापनको कार्यहरूमा पनि सक्दो सहयोग गर्नेछु । **भवतु सब्ब मंगलं**

# नेपालका मगर समुदायमा बौद्ध परियत्ति शिक्षाको आवश्यकता, संभावना र चुनौतिहरू



- सुश्री सबिता धाख्वा शाक्य, पिएच.डी.

**१) पृष्ठभूमी**

नेपालका बौद्ध जनजातिहरू मध्ये मगर समुदाय एक प्रमुख जनजाति हुन् । बुद्धकालीन समयमा पनि मगर जातिको अस्तित्व थियो भन्ने कुरा इतिहासमा पाइन्छ । नेपालको जनआन्दोलन पश्चात मगर समुदायले आफ्नो स्वपहिचान एवं ऐतिहासिकतालाई राम्ररी विश्लेषण गरी बुद्धधर्मलाई आत्मसात गरे । वि.सं २०५३ मा मगर बौद्ध सेवा समाज स्थापना भयो । वि स. २०५५ सालको मगर हरूको अन्तरर्राष्ट्रिय सम्मेलन र २०५७ मा मगर संघको सातौ महाधिवेशनले मगर जातिको पुर्ख्यौली, मौलिक धर्म बुद्धधर्म हो भन्ने पारीत गरेको थियो । जसले मगर समुदायको लागि अन्धविश्वास रहित यथार्थ सत्य तथ्यमा आधारीत धर्मको द्वार खुलेको मान्नु पर्दछ । त्यसपछि धरै मगरहरू बुद्धधर्ममा दिक्षित भईरहेको देखिन्छ । पढेलेखेका शिक्षित व्यक्तिहरू निश्चय नै एकदिन बुद्धधर्म तर्फ फर्कने छ भन्ने डा. भीमराव अम्बेडकरको भनाई मगर समुदायको लागि पनि सत्य सावित भएको छ । आज मगर समुदायमा परियत्ति शिक्षा अध्ययन गर्नेहरूको संख्या बढिरहेको छ, विपस्सना ध्यान गर्नेहरूको संख्या बढिरहेको छ, विभिन्न जिल्लाहरूमा बौद्ध विहारहरू स्थापना भईरहेका छन्, धरै भिक्षु, भिक्षुणी/अनागारिकाहरू हुनेहरूको संख्या पनि बढिरहेको छ । यसरी बुद्धधर्ममा आधारीत संस्कृति सभ्यतालाई टेकेर मगर समुदाय समृद्धितर्फ विस्तारै उकालो चढिरहेको देखिन्छ । मगर समुदायमा बौद्ध परियत्ति शिक्षा अझ व्यापकरुपमा प्रचार हुने धेरै सम्भावना रहेको छ । त्यसैले नेपालका मगर समुदायमा बौद्ध परियत्ति शिक्षाको आवश्यकता, संभावना र चुनौतिहरूको विश्लेषण गर्नु बर्तमान अवस्थामा सार्न्दभिक पनि देखिन्छ । यसमा मगर समुदायमा बौद्ध परियत्ति शिक्षा किन आवश्यक छ ?, मगर समुदायमा बौद्ध परियत्ति शिक्षाको अवस्था के छ ? मगर समुदायमा बौद्ध परियत्ति शिक्षा प्रचारमा चुनौतीहरू के के छन् ? र मगर समुदायमा बौद्ध परियत्ति शिक्षा व्यापकताका लागि सुझावहरू गरीएको छ ।

**२) मगर समुदायमा बौद्ध परियत्ति शिक्षाको आवश्यकता र संम्भावना**

**क) सहि धर्मको पहिचान गर्न**

मगरहरूको धर्म बुद्धधर्म हो भनी घोषणा गरेता पनि बुद्ध शिक्षाको अज्ञानताले गर्दा धेरै मगरहरूले धर्मको दृष्टिले आफ्नो पहिचानमा शंका उपशंका गरीरहेका छन् । बुद्धधर्मको अनुसरण गर्नु भनेको पुर्खाको धर्म छोड्नु र हिन्दु धर्म परिवर्तनका रुपमा बुझ्ने गरेको पाईन्छ । कसै कसैले त थेरवाद बुद्धधर्मलाई क्रिश्चियन धर्म जस्तै नयाँ धर्मको रुपमा साच्ने पनि गर्दछ । अज्ञानताको कारणले विरोध आलोचना गरीरहेको छ ।

यी अन्योलको भ्रम चिर्न र सत्य धर्म के हो ? सहि धर्म पहिचान गर्न परियत्ति शिक्षाले मद्दत गर्दछ । वास्तबमा शान्ति नायक भगवान् बुद्ध नेपालका एक सुपुत्र, राष्ट्रिय विभूति, अनि विश्व कै ज्योती हुन् । उहाँले देखाउनु भएको उपदेश यति प्रभावकारी र व्यावाहारिक छ की आजको एक्काइसौ शताव्दीको आधुनिक युगमा पनि मानव धर्मको रुपमा स्विकारिएका छन् । आज बुद्ध शिक्षा संसारको ठूलो भूभागमा तिब्र गतिले फैलिएको छ । यसको मुख्य कारण विश्लेषण गरेर हेर्दा बुद्ध शिक्षामा निहित शील सदाचार, अहिंसा, मैत्री, करुणा, समता जस्ता गुणधर्महरू व्याप्त भएकोले हो जुन शान्ति र समुन्नत समाजका लागि पूर्वाधार तत्वहरू हुन् । साँच्चै भन्ने हो भन्ने बुद्धधर्म जाति वा संम्प्रदाय विशेषको धर्म पनि होईन । यो त सर्वकालिन सर्व हितेषी सार्वजनिक मानव धर्म हो । छब्बीस सय वर्ष पुरानो नेपालमा जन्मिएको आदिवासी मूल धर्म नै बुद्धधर्म हो । त्यसैले यस्ता बुद्धधर्मवाट विमूख हुनु परेमा मगर समुदाय भित्र व्यक्तिगत जीवन उन्नति र समाज उत्थानमा ठूलो हानी हुन सक्ने तथ्यलाई नकार्न सक्दैन ।

**ख) बाल बालिका र युवाहरूलाई नैतिक सम्बन्धि चेतना जागरण गर्न**

आज विद्यालयले दिईने शिक्षाले शिक्षित हुने, चलाख हुने तरीका विद्याथीहरूलाई प्रशस्त सिकाएको छ, परन्तु नैतिक आचरण सुधार हुने उचित शिक्षा दिनमा भने कमि नै भएको देखिन्छ । अर्को अर्थमा विद्यार्थीहरू नैतिक आचरण प्रर्वधन हुने सहि शिक्षाबाट बञ्चित हुनु परिरहेको छ । परिणाम स्वरुप विद्यार्थीहरूले राम्रो र नराम्रो आचरण छुट्याउन नसक्ने भई कुलतमा फस्ने सम्भावना बढि हुने, आमाबुबा, गुरुवर्गहरूमा, मान्यवर एवं जेष्ठहरूलाई आदर गौरव राख्ने आदत नहुने, शील सदाचारमा कमि हुने वा अनैतिक कर्म हावी हुने, मैत्री करुणा र सद्भावना जस्ता मानवीय गुणहरूको अभाव हुने हुन्छ । जीवन सफलताको लागि सहि रुपमा ब्याख्या भएको नैतिक शिक्षाको अध्ययन आवश्यक छ । तसर्थ यस्तो शिक्षा मगर समुदायका विद्याथीहरू, युवावर्गहरूलाई बच्चा बेलादेखि अध्ययन् गर्ने अवसर दिएमा सानै उमेर देखि उनिहरू नैतिकवान चरित्रवान बन्नमा सहयोग मिल्दछ । परियत्ति शिक्षाले विद्याथीहरूमा नैतिक आचरण बृद्धि भएको विभिन्न मूल्यांकन/अध्ययन अनुसंन्धानवाट प्रमाणित भईसकेको छ । विभिन्न अध्ययनले पनि स्कुलका विद्यार्थीहरूलाई परियत्ति शिक्षाले धेरै फाइदा पुर्याएको कुरा पुष्टि भएको छ । यस्तो नैतिक शिक्षावाट विमुख हुनु व्यक्ति, समाज र देशको लागि नै ठूलो हानि हो । अतः वर्तमान अवस्थामा मगर समुदायमा परियत्ति शिक्षाको अध्ययन व्यापक बनाउन अति आवश्यक र सान्दर्भिक भएको छ ।

**ग) अन्धविश्वासमा आधारीत नराम्रो संस्कारहरू परिवर्तन गर्न**

मगर समुदायमा भएका राम्रा संस्कारहरूलाई निरन्तरता दिन तथा नराम्रो कुरिति कुसंस्कारहरूलाई सम्यक आचरणमा रुपान्तरण गर्न परियत्ति शिक्षाले मद्दत गर्दछ । धर्मको नाममा अन्धविश्वास पनि समाजमा व्याप्त छ । असल आचरणको पालन गर्नु धारण गर्नु सही अर्थमा धर्मको अभ्यास गर्नु हो । यही सभ्य समाजको आधार पनि हो । तर हामी धर्मका सही आचरण हिसाबले पछाडि नै छौ । पूजाआजा गर्ने, मन्दिर जाने, कर्मकाण्ड गर्ने सस्कृतिलाई मात्र हामी धर्म सम्झिराखेका हुन्छौं । धर्म भनेको मरिसकेपछि स्वर्गलोक प्राप्तिको लागि मात्र ठान्छौ । बुढेसकालमा मात्रै धर्म गरे पुग्छ भन्ने ठान्छौं । खराब काम गरे पनि कुनै देवी देवता पुकार्यौ भने पाप नाश भएर

बाँकी पृष्ठ ६ मा

जान्छ भन्ने धारणा छ । असल कामको फल, खराब कामको फल हामी आफैले भोग्नु पर्ने कुरालाई नबुझी पाप मोचनको कुनै विधि तर्फ अग्रसर हुन्छौं । खराब नैतिक काम गरेर पनि पाप मोचन गर्न सक्ने धारणाले गर्दा अनैतिक, खराब काम गर्न पनि पछि हट्दैनन् । वास्तवमा सही धर्ममा अन्धविश्वासलाई ठाउँ नै हुदैन । यी तथ्य कुराहरू शिक्षित मगरहरूले बुझिसकेका छन् । बौद्ध संस्कार पद्दति नै "मगर संस्कार पद्दति" भईसकेको छ । यो संस्कार पद्दतिको रुपमा देशभर र विश्वभरी मगर समुदायमा आज पर्यन्त निरन्तर रुपमा लागू र अभ्यास भईरहेको छ र यो क्रम दिनानुदिन बढ्दो छ ।

### घ) संस्थागत रुपमा अगाडि बढ्न

भगवान बुद्धले व्यक्तिगत भन्दा पनि संघलाई नै महत्व दिनुभएको छ । त्यस्तै कुनै पनि काम एकत्रित भई सामुहिक भावनाले गर्नु सुखकर हो भनी बुद्धले भन्नु भएको छ । बुद्धकालीन समयमा संघ स्थापना भएपछि नै बहुजन, हिताय बहुजन सुखायको काममा तिब्रता आउन मद्धत भएको थियो । यी कुरालाई परियत्ति शिक्षाको विकासमा लाग्नेले आत्मासाथ गर्नु पर्दछ । मगर समुदायमा परियत्ति केन्द्रहरू सबल भएमा तिनीहरूले गर्ने क्रियाकलापमा दिगो रूपमा निरन्तरता पाउनको साथै व्यापक रुपले अगाडि बढाउन सकिने भएकाले परियत्ति शिक्षाको प्रचार प्रसारका लागि संस्थागत बिकासका विविध पक्षहरूमा जोड दिनु आवश्यक छ । परियत्ति शिक्षाको संस्थागत विकासले समाज उत्थानमा समेत राम्रो प्रभाव पार्न सक्दछ ।

### ङ) जनशक्तिहरू एवं नेतृत्व बर्ग उत्पादन गर्न

परियत्ति शिक्षावाट शिक्षित जनशक्तिहरू उत्पादन हुन्छ जुन परियत्ति शिक्षाको प्रचार प्रसार मा ठूलो योगदान दिन सक्छन् । परियत्ति शिक्षामा परियत्ति सद्धम्म कोविद हासिल गरेका व्यक्तिहरू परियत्ति विकासको लागि ठूलो जनशक्ति हुन् । उनीहरूलाई परिचालन गर्न सकेमा परियत्ति शिक्षाको अझ व्यापक रुपले प्रचार प्रसार हुन सक्ने देखिन्छ । परियत्तिवाट उत्पादित जनशक्तिहरू शिक्षकको रुपमा, विभिन्न सघसस्थाको नेतृत्व तहमा रहेको, लेखन तथा अनुसंन्धान एवं समाज विकासमा पनि योगदान दिई रहेको अनुसंन्धाले देखाएको छ ।

### च) समग्र समाज उत्थान गर्न

बुद्धले बोधिज्ञान प्राप्त गरिसकेपछि ४५ वर्षसम्म बहुजनहित र बहुजन सुखको निमित्त विभिन्न ठाउँमा चारिका गर्नु भयो । यसरी ४५ वर्ष सम्म विभिन्न व्यक्तिहरुलाई दिनु भएको उपदेश वा सम्पूर्ण बुद्ध वचन त्रिपिटकमा संग्रहीत छन् । शुसासन प्रवर्धन, नेतृत्व विकास, संस्थागत विकास, लैगिक समानता, आर्थिक विकास जस्ता समाज विकासको निमित्त दिनु भएका उपदेशहरू पनि त्रिपिटकमा प्रशस्त छन् जुन परियत्तिको अध्ययनका विषयबस्तुहरू हुन् । तसर्थ परियति शिक्षा अध्ययनले समग्र समाज उत्थान गर्न दिशा बोध गराउँछ ।

### ३) मगर समुदायमा बौद्ध परियत्ति शिक्षाको अवस्था

परियत्ति शिक्षाको स्थापना काल वि.सं २०२० देखी हाल सम्म आउँदा ६० वर्ष भित्र विभिन्न तहमा अध्ययनवाट लाभान्वित विद्याथीहरूको संख्या : ६८,८९२ जना रहेको छ । जसमा ५१९ जना परियत्ति सद्धम्मपालक र २०१ जना परियत्ति सद्धम्मकोविद उपाधिधारी जनशक्ति उत्पादन भईसकेका छन् । जम्मा १४० केन्द्रहरू मध्ये मगर समुदायको मात्र लिदाँ ६७ वटा (सकिय र निस्क्रिय गरी) परियत्ति केन्द्रहरू भैसकेका छन् भने विभिन्न तहमा अध्ययन गर्नेको संख्या १२५६ जना छन् । जस मध्ये ३० जना परियत्ति सद्धम्म पालक उपाधि र १० जना परियत्ति सद्धम्म कोविद रहेका छन् । सातै प्रदेशमा मगर समुदायका परियत्ति केन्द्रहरू स्थापना भएका छन् । यसरी परियत्ति केन्द्रहरूको संख्यामा बृद्धि, विद्याथी सख्या बृद्धि हुनु सकारात्मक पक्ष हो भने गुणात्मक हिसावले गुणस्तरीय परियत्ति शिक्षाका लागि मगर समुदाय अन्तर्गत दक्ष शिक्षक शिक्षिकाहरू हुनु र परियत्ति केन्द्रहरूको संस्थागत विकासमा जोड दिनुपर्ने देखिन्छ ।

### ४) मगर समुदायमा बौद्ध परियत्ति शिक्षा प्रचारमा चुनौतीहरू

मगर समुदायमा बौद्ध परियत्ति शिक्षा प्रचार हुने व्यापकरुपमा सम्भावना भएता पनि केहि संम्भावित चुनौतीहरू पनि सामना गर्नुपर्ने देखिन्छ । ती संम्भावित चुनौतीहरू तल दिईएको छ :

क) धर्मको सहि पहिचानमा अलमलिनु
ख) अन्य धर्मावलम्बीहरूसँग प्रतिस्पर्धा
ग) गुणस्तरीय शिक्षा प्रदानमा समस्या
घ) सक्षम जनशक्ति (शिक्षक शिक्षिकाहरू)को अभाव
ङ) पाठ् पुस्तक सुलभ तरिकाले उपलब्ध हुन नसक्नु
च) बृहत रुपमा परियत्ति शिक्षालाई प्रचार गर्न स्रोत साधनको अभाव
छ) परियत्ति केन्द्रहरूको संस्थागत विकास नहुनु ।

### ५) निष्कर्श

आफ्नो ऐतिहासिकतालाई राम्ररी विश्लेषण गरी सहिढंगले स्वपहिचान गरेर मगर समुदायले बुद्धधर्म अपनाएको कारणले गर्दा धर्म संस्कृतिलाई परिमार्जन गर्ने, परियत्ति शिक्षा अध्ययन गर्ने, सहि धर्मको अभ्यास गर्नको लागि मगर समुदायलाई बाटो प्रशस्त भएको छ । परियत्ति शिक्षा नैतिक आचरण प्रवर्धन गर्ने वा जीवनको मूल्य अभिबृद्धि गर्ने शिक्षा हो । समुदायमा शान्ति र संमृद्धि हुने कुरा निकै हद सम्म त्यहाँका मानिसहरूको शिक्षितपन एवं अनुशासनमा भर पर्दछ । समाजमा हुने विभिन्न विकृति, झैझगडा, अन्याय, अत्याचार, भ्रष्टाचार आदि अवस्था सृजना हुनुका विभिन्न कारणहरूमा मुख्यत: मानिसहरूमा नैतिकताको अभाव प्रमुख कारक तत्वको रुपमा देखिएको छ । तसर्थ शान्त र संबृद्ध समुदायको रूपमा रुपान्तरण गर्न मानवीय चरित्र विकास हुनु नितान्त आवश्यक छ । असल नागरिक हुन, आ-आफ्नो ब्यावसायिक एवं पेशागत जीवनमा उन्नति एवं नैतिकता कायम गर्न, समाज विकास गर्न औपचारीक शिक्षाले मात्र पर्याप्त छैन । यस कुरालाई आत्मसाथ गरी मगर समुदायमा परियत्ति शिक्षाको ब्यापकरुपमा प्रचार प्रसार हुनु अति नै खाँचो छ जुन समग्र मगर समुदायको विकासको बलियो आधारशिला पनि हो ।

### ६) मगर समाजमा बौद्ध परियत्ति शिक्षाको उत्थानका लागि गर्नु पर्ने केहि सुझावहरू

मगर समाजमा बौद्ध परियत्ति शिक्षाको उत्थानका लागि गर्नु पर्ने केहि सुझावहरू बुँदागत रुपमा तल उल्लेख गरिएको छ :

- मगर बौद्ध सेवा समाजको आफ्नो विभिन्न कार्यक्रमहरूमध्ये परियत्ति शिक्षालाई प्राथमिकतामा राख्नु पर्ने ।
- परियत्ति शिक्षा उत्थानका लागि वृहत योजना एवं नीति बनाई कार्यक्रमहरू तर्जुमा गर्नु पर्ने ।
- परियत्ति जागरण टोली बनाई परियत्ति सम्बन्धि मगर समुदायमा चेतना जगाउन विभिन्न जागरण कार्यक्रमहरू सञ्चालन गरी परियत्तिको केन्दहरू विस्तार गर्ने ।
- स्थानीय शिक्षक शिक्षिकाहरूलाई प्रशिक्षण तालिम दिई मगर समुदायमा रहेका सरकारी एवं नीजि विद्यालयहरूमा परियत्ति शिक्षालाई विस्तार गर्ने ।

- बढ्दो परियत्ति विद्यार्थीहरूको संख्या र केन्द्रलाई मध्यनजर गरी मगर समुदायवाटै प्रमुख प्रशिक्षक (Master Trainer) उत्पादन गर्ने ।
- परियत्ति शिक्षा प्रचार प्रसारमा लाग्ने व्यक्तिमा जनसमूह परिचालन गर्नको लागि सामाजिक परिचालन सम्बन्धी क्षमता विकास हुनुपर्दछ । परियत्ति केन्द्रहरूमा गरिरहेको काममा संस्थागत ढंगले प्रभावकारीता ल्याउन अगुवाइ गरिरहेका व्यक्तिहरूको नेतृत्व सम्बन्धी क्षमता विकास गर्नुपर्ने ।
- परियत्ति शिक्षा प्रचार प्रसारका लागि मगर बौद्ध सेवा समाजकाको केन्द्रमा सामूहिक कोष खडा गर्ने ।
- मगर समुदायमा कोविद हासिल गरेका व्यक्तिहरू परियत्तिको विकासको लागि ठूलो जनशक्ति भएको हिसाबले परियत्ति शिक्षाको संरक्षण सम्बर्द्धन तथा विकासको लागि उनीहरूलाई परिचालन गर्नु पर्ने ।
- आजको युग सूचना प्रविधि (Information technology) को युग हो । तसर्थ यस प्रविधि सम्बन्धि ज्ञान भएन भने विकास पछाडि धकेलिन्छ । तसर्थ परियत्तिमा संलग्न व्यक्तिहरूलाई सूचना प्रविधिमा पहुँच बढाउन क्षमता अभिबृद्धि गर्नुपर्ने ।
- मगर समुदायका विद्यार्थीहरूलाई चित्त शुद्धताका लागि ध्यान शिविरहरूमा भाग लिन प्रोत्साहन गर्ने ।
- परियत्ति शिक्षामा विद्यार्थीहरूको हौसला बढाउन बेलाबखतमा परियत्ति विद्यार्थीहरूको भेला आयोजना गर्ने ।
- विद्यार्थीहरूको परियत्ति शिक्षा अध्ययनमा उत्साह जगाउन हाजिरी जवाफ प्रतियोगिता, बक्तृत्व कला, चित्रकला प्रतियोगिता जस्ता अतिरीक्त कृयाकलापहरू सञ्चालन गर्नमा मगर बौद्ध सेवा समाजले परियत्ति केन्द्रहरूलाई पहल गर्ने ।
- नेपाल बौद्ध परियत्ति शिक्षाको प्रधान कार्यालयसँग राम्रो सम्बन्ध राखी मगर बौद्ध समाजले परियत्ति केन्द्रहरूको अनुगमन एवं विकासका लागि पहल गर्ने ।

**सन्दर्भ ग्रन्थ सुचि**


- गुभाजु, तिलकमान, बुद्धधर्म र आदिवासी जनजाति, पोखराः धर्मोदय सभा, वि.सं. २०७४
- गुर्मछान मगर, भिम बहादुर, 'के मगरहरूले गर्ने थेरवादी बौद्ध संस्कार कर्म पुरेत्याई वा पुरेतवाद हो
त ?' आशिका, बर्ष ३, अंक, ३, काठमाण्डौः नेपाल मगर बौद्ध सेवा समाज संघिय परिषद, २०७९ ।
- पुनमगर टि. बि., 'थेरवाद बुद्धधर्म-संस्कृति र यसको सही अभ्यास' आशिका, बर्ष ३, अंक, ३, काठमाण्डौः नेपाल मगर बौद्ध सेवा समाज संधिय परिषद, २०७९ ।
- प्रशिक्षक प्रशिक्षण तालिमको प्रतिवेदन, नेपाल बौद्ध परियत्ति शिक्षा केन्द्रिय कार्यालय, विश्व शान्ति विहार, काठमाण्डौं, २०८० ।
- शाक्य, सुवर्ण, नेपाल बौद्ध परियत्ति शिक्षा स्मारिका, ललितपुरः नेपाल बौद्ध परियत्ति शिक्षा रजतजयन्ती समारोह समिति ललितपुर, २०४५ ।


**(प्रस्तुत लेख नेपाल मगर बौद्ध सेवा समाजको राष्ट्रिय भेला तथा बुद्धिजीवि अन्तकिया कार्यकम २०८० चैत्र १ मा प्रस्तुत गरीएको कार्यपत्रको आधारमा तयार गरीएको हो)**

## नेपाल बौद्ध परियत्ति शिक्षाको ५ वर्षे ....

पाँच वर्षको लक्ष्यको सूचकहरूः क) ५ वर्षको अन्तमा परीक्षामा उत्तीर्ण हुने विद्यार्थीको संख्या ६,००० जना, ख) कोविद उपाधि हासिल गर्नेको संख्या ३०० जना, ग) विभिन्न जिल्लामा १५० वटा सकृय केन्द्रहरूको विस्तार गर्ने रहेको छ ।

यो रणनीतिक योजनाको आधारमा यस बर्षको प्रगति अनुसार हाल सम्ममा परियत्ति सद्धम्म कोविदको उतिर्णको संख्या २३५ र परियत्ति सद्धम्म पालकको उतिर्णको संख्या ४५८ जना रहेको छ । यस बर्षमा विभिन्न तहमा उत्तीर्ण विद्यार्थीको संख्या ३९५३ रहेको छ भने १२८ वटा केन्द्रहरु सकृय छन् ।

सो रणनीतिक योजनाको प्राप्तिका लागि नेपाल बौद्ध परियत्ति शिक्षा अन्तर्गतका पाँच उपसमितिहरू

१. शिक्षक शिक्षिका शिक्षण व्यवस्था उपसमिति,
२. पाठ्यक्रम निर्माण तथा पाठयपुस्तक प्रकाशन उपसमिति
३. परीक्षा तथा दीक्षान्त उपसमिति,
४. सूचना तथा प्रचार प्रसार उपसमिति र
५. अनुसन्धान उपसमिति सकृय रहेका छन् ।

शिक्षक शिक्षिका शिक्षण व्यवस्था उपसमितिले "असल जीवनका लागि परियत्ति शिक्षा (नैतिक शिक्षा) को आवश्यकता र उपादेयता" सम्बन्धि विद्यालयहरुको लागि सचेतना कार्यक्रम गरेको थियो । उक्त कार्यकममा प्रिन्सिपल र शिक्षक शिक्षिकाहरु गरी जम्मा ५० जनाको सहभागि थियो । त्यस्तै नेपालगन्जमा ३० वटा विद्यालयका शिक्षक शिक्षिकाहरुलाई प्रशिक्षक तालिमको आयोजना गरेको थियो ।

अनुसंन्धान उपसमितिले शील सम्बन्धि अनुसंन्धनात्मक लेख एवं निबन्धहरु समावेश गरी परियत्ति प्रवाह पत्रिका प्रकाशन गरिएको थियो । त्यस्तै यस समितिले कोविद मध्यम वर्षका विद्यार्थिहरुको लागि कक्षापत्र र गोष्ठी पत्र लेखन तालिम सम्पन्न गरिएको थियो । सोहि अनुसार विद्याथीहरुले पनि यस वर्ष देखि कक्षापत्र लेखन र गोष्ठीमा प्रस्तुतीकरण गर्ने कार्य प्रारम्भ भयो ।

पाठ्यकम उपसमितिले कोविद प्रथम, मध्यम र अन्तिम वर्षको पाठ्यकम आधारमा पाठ्यपुस्तक तयार गरी छाप्नको लागि तयारी अवस्थमा रहेका छ ।

परीक्षा तथा दीक्षान्त उपसमितिले बुलेटीनमा प्रकाशन भएअनुसार निर्धारित समयमा परीक्षा संचालन गरी परीक्षा नतिजा पनि निर्धारित समयमा नै प्रकाशित गरिएको थियो । उक्त परीक्षाको लागि १२८ केन्द्रबाट ५४८७ परीक्षार्थीहरुले आवेदन दिएका थिए भने ३९५३ विद्यार्थीहरु उत्तीर्ण भएका थिए । दीक्षान्त समारोह पनि निर्धारित समयमा भएको छ ।

त्यस्तै सूचना तथा प्रचार प्रसार उपसमितिले विभिन्न ठाउँमा परियत्ति शिक्षा सम्बन्धि जागरण कार्यकम तथा चित्र लेखन तालिम सम्पन्न गरेका थिए ।

नेपाल बौद्ध परियत्ति शिक्षाको ५ वर्षे रणनीतिक योजनालाई कार्यान्वयनमा संलग्न सबै सरोकार पक्षहरू समेटेर निरन्तर अनुगमन गरेमा यस योजनालाई जीवन्त बनाउनको साथै नेपाल बौद्ध परियत्ति शिक्षालाई भविष्यमा अझ संस्थागत ढंगले अगाडि बढाउन सक्ने कुरामा नेपाल बौद्ध परियत्ति शिक्षा विश्वस्त छ ।

# श्री शाक्यसिंह परियत्ति तथा प्रौढ शिक्षालयको संक्षिप्त चिनारी



- **देवेन्द्र बज्राचार्य**
परियत्ति संचालक, श्री शाक्यसिंह परियत्ति तथा प्रौढ शिक्षालय

बुद्धत्व प्राप्ति पछि भगवान् बुद्धले बहुजन हित र सुखको लागि ४५ वर्षसम्म गाउँ गाउँ र नगर नगरमा चारिका गर्नुभई धर्म प्रचार गर्नुभयो । वहाँको महापरिनिर्वाण पश्चात् वहाँको धर्मलाई वहाँकै शिष्यहरुले कण्ठस्थ गरी गुरु शिष्य परम्परा अनुसार अगाडि बढाउँदै लगे र समय समयमा संग्रह र शुद्धिकरण हेतु संगायना पनि गरिरहे । ई.पू. ७९ तिर श्रीलंकाको राजा वट्टगामिनी अभयको पालामा श्रीलंकाको आलोक विहारमा चौथो संगायना भयो । भिक्षु रक्खित महास्थविरको सभापतित्वमा ५०० भिक्षुहरुको सहभागितामा भएको उक्त संगायनामा त्रिपिटकलाई तालपत्रमा कुँडि लिपिवद्ध गरियो । पुस्तकारुढ संगायनाको नामले परिचित यस संगायनामा त्रिपिटकलाई सय पल्ट पढी शुद्ध गरियो । जुन तालपत्र अहिलेसम्म विद्यमान रहेको छ र यो नै बौद्धहरुको मुख्य ग्रन्थको रुपमा रहेको छ । हाल आएर त्रिपिटक ग्रन्थ धेरै भाषामा अनुवाद भईसकेको छ । ८४,००० धर्मस्कन्धहरुको संगालो रहेको त्रिपिटकलाई अध्ययन गर्नु नै परियत्ति शिक्षाको अध्ययन गर्नु हो ।

श्रद्धेय सुशिला गुरुमां र बौद्ध उपासक धर्मरत्न 'त्रिशुली' को अनुरोधलाई स्वीकार गरी श्रद्धेय बुद्धघोष भन्तेको प्रयासमा नेपालमा वि.सं. २०१९ सालमा त्रिशुलीको सुगतपुर विहारमा परियत्ति शिक्षाको सुरुवात भयो । वि.सं. २०२० सालमा अखिल नेपाल भिक्षु महासंघबाट यस परियत्ति शिक्षालाई अनुमोदन गरी तत्कालिन अखिल नेपाल भिक्षु महासंघका अध्यक्ष श्रद्धेय भिक्षु प्रज्ञानन्द महास्थविरको ६४ औं जन्मोत्सव अक्षय तृतीयाको दिनमा उद्घाटन गरी रेडियो नेपालबाट औपचारिक रुपमा नेपालमा परियत्ति क्षिा शुरु भएको समाचार प्रसारण भयो । तत्कालिन अवस्थामा नेपालमा ८ वटा केन्द्रहरुमा परियत्ति शिक्षाको अध्ययन अध्यापन हुन्थ्यो, ति हुन् - १) सुमंगल विहार, ल.पु. २) श्री शाक्यसिंह विहार, ल.पु. ३) प्रणिधिपूर्ण विहार, बलम्बु ४) गणविहार, काठमाडौं ५) आनन्दकुटी विद्यापीठ, काठमाडौं ६) आनन्द विहार, तानसेन ७) सुगतपुर विहार, त्रिशुली र ८) शाक्यमुनि विहार, भोजपुर ।

दिवंगत श्रद्धेय संघनायक प्रज्ञानन्द महास्थविरको प्रेरणा र संयोजकत्वमा श्री शाक्यसिंह विहारमा वि.सं. २०२० सालमा परियत्ति शिक्षा स्थापना भई दि. ज्ञाणशीला गुरुमां र श्रद्धेय सत्यशीला गुरुमांको अथक प्रयासमा यसले निरन्तर गति लियो । जुन हालसम्म निरन्तर रुपमा संचालनमा रहेको एक मात्र केन्द्र रहेको छ । यस शिक्षालयको परियत्ति संचालनको कालखण्डलाई चार खण्डमा विभाजन गर्न सकिन्छ ।

**१) प्रथम खण्ड -** वि.सं. २०२० सालदेखि वि.सं. २०३८ सालसम्म यस शिक्षालयलाई दि. ज्ञाणशीला गुरुमां र श्रद्धेय सत्यशीला गुरुमांले संचालन गर्नुभयो । सिमित विद्यार्थी संख्या, व्यवस्थित कक्षा कोठाको अभाव, भौतिक श्रोत साधनको कमीको बाबजूद श्रद्धेय गुरुमांहरुले अति दुःख कष्ट गरी यस शिक्षालयलाई निरन्तरता दिइरहे । स्मरण रहोस् स्थापना काल वि.सं. २०२० सालमा शिक्षालयमा प्रारम्भिक प्रथम, द्वितीय र तृतीय गरी ३ वटा कक्षाहरु संचालनमा रहेको थियो भने यस सालमा १५ जना विद्यार्थीहरु उत्तीर्ण भएका थिए । वि.सं. २०२० साल देखि २०३८ सालसम्मको प्रथम खण्डमा सबैभन्दा बढी विद्यार्थी वि.सं. २०२१, २०२४ र २०३० सालमा २२/२२ जना विद्यार्थीहरु उत्तीर्ण भएका थिए ।

**२) द्वितीय खण्ड -** वि.सं. २०३९ सालदेखि वि.सं. २०४४ सालसम्म यस शिक्षालयलाई तत्कालिन श्रामणेर तिक्खिन्द्रिय (हाल राकेश अवाले) ले संचालन गर्नुभयो । यस समयमा कक्षा कोठाहरु व्यवस्थित गर्ने, भौतिक श्रोत साधनहरु जुटाउने, वार्षिक उत्सव मनाउने चलन, आर्थिक श्रोत जुटाउने र यहि क्रममा शिक्षालयको नाम श्री शाक्यसिंह परियत्ति तथा प्रौढ शिक्षालय नामाकरण गर्ने कार्य भए । यस खण्डमा सबैभन्दा बढी वि.सं. २०४१ सालमा १२४ विद्यार्थीहरु उत्तीर्ण भए ।

**३) तृतीय खण्ड -** वि.सं. २०४५ सालदेखि २०५६ सालसम्म यस शिक्षालयलाई श्रद्धेय ज्ञाणवती गुरुमांले संचालन गर्नुभयो । यस समयमा संचालक समिति गठन, वार्षिक उत्सवमा प्रतिवेदन पेश गर्ने, प्रेरणा पुरस्कार दिने, अक्षय कोषको स्थापना आदि कार्यहरु भए । यस खण्डमा सबैभन्दा बढी वि.सं २०५० सालमा ७८ जना विद्यार्थीहरु उत्तीर्ण भएको र वि.सं. २०४५ सालमा रेकर्ड रहने गरी १४ जना विद्यार्थीहरुले बोर्ड स्थान प्राप्त गरेका थिए ।

**४) चौथो खण्ड -** वि.सं. २०५७ सालदेखि हालसम्म श्री देवेन्द्र बज्राचार्यले यस शिक्षालयलाई संचालन गरिरहनु भएको छ । यस समयमा आधुनिक भौतिक श्रोत साधन कम्प्युटर, प्रिन्टर, प्रोजेक्टर, ह्वाइट बोर्ड आदिको व्यवस्था/शिक्षक शिक्षिका, बोर्ड, क्लास टपरहरुलाई नगद पुरस्कारको व्यवस्था/ ११ औं नेपाल मण्डलव्यापी बौद्ध वक्तृत्वकला पर्व, ३९ औं ल.पु. जिल्लाव्यापी हाजिरजवाफ प्रतियोगिता, बौद्ध चित्रकला प्रतियोगिता र ३४ औं



परियत्ति वक्तृत्वकला प्रतियोगिताको आयोजना गर्ने कार्य/प्रज्ञानन्द छात्रवृत्ति र शाक्य छात्रवृत्ति प्रदान/बौद्ध चित्रकला प्रशिक्षण/भन्ते गुरुमांहरुलाई शिक्षक शिक्षिकाहरुबाट भोजनदान/परियत्ति सँग सम्बन्धित कागजपत्रहरुलाई फाइलिङ्ग गरी संरक्षण गर्ने/अक्षय कोषको वृद्धि गर्ने/सद्धम्मपालक उपाधि देखि कोविद अन्तिम सम्मको माथिल्लो तहका कक्षाहरु नियमित रुपमा संचालन गर्ने आदि कार्यहरु भए । यस खण्डमा सबैभन्दा बढी वि.सं. २०७० सालमा १२६ जना विद्यार्थीहरु उत्तीर्ण भएका थिए भने वि.सं. २०५९ सालमा ६ जनाले बोर्ड स्थान प्राप्त गरेका थिए ।

यस शिक्षालयका थप महत्वपूर्ण गतिविधिहरु निम्नानुसार छन् :

१) यस शिक्षालयबाट हालसम्म २० जना भन्दा बढीले परियत्ति सद्धम्म कोविद उत्तीर्ण गरिसकेका छन् ।

२) यस शिक्षालयले ललितपुर जिल्लाव्यापी बौद्ध हाजिरीजवाफ प्रतियोगिता ६ पटक (वि.सं. २०४८, २०५०, २०५४, २०६७, २०७८, २०७९) सम्म प्रथम स्थान हासिल गर्न सफल भएको छ ।



३) यस शिक्षालयले नेपालमण्डल व्यापी बौद्ध वक्तृत्वकला पर्वमा चार पटक (वि.सं. २०६७, २०६८, २०६९, २०७०) सम्म सर्वोत्कृष्ट स्थान हासिल गर्न सफल भएको छ ।

४) यस शिक्षालयले परियत्ति वक्तृत्वकला प्रतियोगिता ३ पटक (३१ औं, ३३ औं, ३४ औं) सम्म प्रथम स्थान हासिल गर्न सफल भएको छ ।

५) वि.सं. २०५५ सालमा विश्व शान्ति विहारमा भएको चित्रकला प्रतियोगिता र परित्राण वाचनमा प्रथम स्थान हासिल गर्न सफल भएको छ ।

६) वि.सं. २०५७ भाद्र ३ देखि ५ गतेसम्म अमृत बौद्ध परियत्ति केन्द्र, आनन्दकुटी विहारमा भएको चित्रकला प्रतियोगिता र बौद्ध परियत्ति शिक्षा नै किन ? विषयक वक्तृत्वकला प्रतियोगितामा प्रथम स्थान हासिल गर्न सफल भएको छ ।

७) वि.सं. २०५६ असोज १२ गते विश्व शान्ति विहारमा भएको "बुद्ध धर्म व वातावरण" विषयक निबन्ध प्रतियोगितामा प्रथम स्थान हासिल गर्न सफल भएको छ ।

८) वि.सं. २०६१ श्रावण २ गते युवा बौद्ध समूह, यैंको आयोजनामा भएको "पञ्चशील व विश्व शान्ति" विषयक वक्तृत्वकला प्रतियोगितामा प्रथम स्थान हासिल गर्न सफल भएको छ ।

९) वि.सं. २०६६ श्रावण १७ गते युवा बौद्ध समूह यैंको आयोजनामा भएको धम्मपद वाचन प्रतियोगितामा प्रथम स्थान हासिल गर्न सफल भएको छ ।

१०) हालसम्म १० जना विद्यार्थीहरुले लगातार ३ पटक बोर्ड स्थान प्राप्त गरिसकेको र यसरी लगातार ३ पटक बोर्ड स्थान प्राप्त गरिसकेका विद्यार्थीहरु र शिक्षकशिक्षिकाहरुलाई निःशुल्क शैक्षिक भ्रमण लाने व्यवस्था अनुरुप वि.सं. २०४६ सालमा लुम्बिनी/पोखरा, वि.सं. २०५५ सालमा लुम्बिनी/पोखरा, वि.सं. २०६३ सालमा लुम्बिनी/पोखरा र वि.सं. २०८० सालमा कन्याम/अन्तु डाँडामा निःशुल्क शैक्षिक भ्रमण लगिएको थियो ।

११) प्रत्येक वर्ष परियत्ति विद्यार्थीहरुलाई सहुलियत शुल्क लिई पिकनिक लाने व्यवस्था भईरहेको छ ।

१२) वि.सं. २०६२ असोज १५ गते किर्तिपुरमा भएको परियत्ति सन्निपातमा शिक्षक शिक्षिका तथा विद्यार्थीहरुलाई सहभागि गराई आफ्नो छुट्टै कार्यक्रम संचालन गरेको थियो ।

१३) वि.सं. २०६५ भाद्र २७-२९ गतेसम्म परियत्ति शिक्षक, शिक्षिकाहरुलाई त्रिशुलीको सुगतपुर विहारमा शैक्षिक भ्रमण लगी त्यहाँका विद्यार्थीहरुलाई प्रशिक्षण कार्यक्रम र पुरस्कार वितरण कार्य भएको थियो ।

१४) श्री शाक्यसिंह विहारसँग संयुक्त आयोजनामा प्रज्ञानन्द स्मृति हाजिरीजवाफ प्रतियोगिता २०६५ सम्पन्न भएको थियो ।




१५) वि.सं. २०७२ सालमा श्री शाक्यसिंह परियत्ति तथा प्रौढ शिक्षालयको स्वर्ण स्मारिका प्रकाशन गरिएको थियो ।

यसरी ने.बौ.प.शि.को स्थापना कालदेखि हालसम्म निरन्तर रुपमा संचालनमा रही प्रत्येक वर्ष उच्च विद्यार्थी संख्या, राम्रो नतिजा तथा बोर्ड स्थान प्राप्त, बौद्ध अतिरिक्त क्रियाकलापहरुमा सहभागी तथा राम्रो नतिजा हासिल, विभिन्न प्रतियोगिताहरुको आयोजना, शिक्षक शिक्षिका तथा प्रशासन कार्यको उचित व्यवस्थापन आदिको उच्च मूल्यांकन गरी नेपाल बौद्ध परियत्ति शिक्षाले वि.सं. २०८१ सालको दीक्षान्त देखि सम्मान गर्ने कार्यको सुभारम्भमा नै पहिलो सम्मानित परियत्ति केन्द्रको रुपमा यस शाक्यसिंह परियत्ति तथा प्रौढ शिक्षालयलाई सम्मान गर्न लागिएको जानकारी पाउँदा यस शिक्षालय परिवार ने.बौ..प.शि.प्रति हार्दिक आभार व्यक्त गर्दछौं ।

॥ भवतु सब्ब मंगलं ॥

# Pariyatti Observation: Exchange of gratitude and Ideas



**- Gautam Maharjan**
METTA *Volunteers*

Mission: Pariyatti Exam Observation

Volunteers: Gautam Maharjan & Buddha Laxmi Maharjan

Destination: Yashodhara Bouddha Pariyatti Centre, Thaina; Int. Buddha Pariyatti Udaya Vihara, Butwal; Maitri Buddha Vihara, Rudrapur, Rupandehi; Mahamanav Buddha Viahara, Pipara, Kapilvastu.

Distance: 800 km (Lalitpur – Butwal – Lumbini – Rupandehi – Kapilvastu)

Date: 17- 22 January 2024

(30 Sept. 2023, 7 Oct. 2023, 14 Oct. 2023, 27 Jan. 2024, 3 Feb. 2024, 10 Feb. 2024)



**Summary:** In spite of many hardships, the locals from three generations taking exam together to gain moral education as the basic studies for the quest of happiness is motivation to many. There our hectic biking in chilling cold to distant centres, rough and dusty roads, difficulties, etc. have become strength, inspiration to both of us. Therefore, it has been the moment to exchange our gratitude, ideas, problems, helps and well wishes.

**Background:** Human beings, superior living beings have been trying best to live happy life since time immemorial. In different time frame, innumerable scholars, scientists, experts have dedicated their lives in inventions, discoveries, innovations, theories, doctrines, philosophies, etc. Likewise, Gautam Buddha, The Awakened One discovered the way of happy life. His Enlightenment through awakened practice of sila, samadhi and pragya (discipline, meditative consciousness and wisdom) has become the true guideline for noble happiness, free from suffering since his enlightenment, 2568 Buddha Era. Buddha's Enlightenment has been entertained as theoretical studies, i.e, pariyatti, meditative practice or practical study, i.e, pratipati and wisdom, enlightenment ie., prativedha. As per Buddha's teaching, Pariyatti Education, the moral studies is must to know the noble discipline to cultivate merits or good doing, noble doings. Hence, without knowing the right and wrong, our practice can hardly lead us to true happiness. Therefore, generations of masters and teachers have been teaching Pariyatti as value of disciplinary moral knowledge. And of course, related masters and teachers have been conducting exams to test the level like Nepal Bouddha Pariyatti Education in Nepal which motivates us to lead happy life. Since Pariyatti is the base to understand the way to happy life, it was an honorary motivation to us to observe Pariyatti exam: it is the way to motivate examinees in different parts of Nepal and encourage new generations and parents to enroll in the pursuit of happiness together.

**Action:**



17 Jan. 2024. We drove bike in warm clothes to Butwal from Kathmandu in the morning with the responsibility of handing questions, orienting the teachers and superintendents of the region and observing Pariyatti exam. Skipping the road blockade, we reached at Chitravan Buddha Vihara, Narayanghat and passed questions to Ven. Bhikshu Jagaro there. Hungry stomachs, we took our brunch on the way. The journey after narayanghat - Dawanne – Butwal was hectic: full of dust and rough way due to under-construction and

destruction. Our get up in rain-coat was like in heavy rain but not so. It was to stay away from fog in the morning and dust in the afternoon. Around 4 pm (10 hrs. biking) we reached at International Buddha Pariyatti Udaya Vihara in Dingarnagar, Butwal. After handing questions to Ven. Bhikshu Gyanendra Sthavira, we remained busy in exam preparation together till the bed time.

18Jan.2024.Asperthe plan, orientation to Superintendents, observers and teachers from different Pariyatti centres of Lumbini region in Int. Buddha P U Vihara dhamma hall in the morning. Ven. Bhikshu Gyanendra and me facilitated the teachers regarding Symbol number and information filling in the Answer Sheet and practical marks filling for classes 1- 4 (Prarambhik Pathama – Pravesh Pathama Varsa). In commemoration of our late father, we offered lunch to Ven. Bhikshu sangha, Ven. Anagarika sangha and all the teachers from different centres. In the afternoon after accomplishment of exam preparation, we drove to Lumbini and handed questions to Ven. Bhikshu Siri Vajir in Shakyamuni Vihara.

















19 Jan. 2024. We rejoiced meeting Most Ven. Phra Supot Kittiwonno, Ven. Siri Vajira Bhikkhu, Rev. Sumangalo and Ven. Nuns in Gautami Nunnery in Lumbini. Besides, we visited Dhamma Janani and did a little contribution and enjoyed wandering sacred Lumbini. Blissful! We participated in regular evening chanting by Ven. Gurumas from Gautami Nunnery inside sacred Lumbini garden, Lord Buddha birth place.

20 Jan. 2024. Nepal Bauddha Pariyatti Shiksha B.E. 2567 Board examination has resumed all over Nepal. And we headed to Maitri Buddha Vihara, Rudrapur in Rupandehi district. Early morning, it was so foggy that our raincoats were completely soaked as it was raining. The locals were staying round the fire. There were 41 examinees from different ages attending exam in Bhu. Pu. Sainik School as there was not enough space in the monastery. Offering noodles as snacks, we headed to Mahamanav







Buddha Viahara in Pipara, Kapilvastu. There were 42 examinees from different locations attending exam in different classes. Examinees from Arghakhanchi also came to attend exam there. WE were grateful to Vihara family for arranging us lunch.

Jan. 21 2024. On behalf of METTA Volunteers, we offered track jackets & T-shirts to all the Ven. Monks, novices and nuns of International Buddha Pariyatti Udaya Vihara, Butwal and paid hearty gratitude to kind well wishers.🙏🙏🙏

22 Jan. 2024. Early in the morning after breakfast, we

waved bye bye to Ven. Monks and Ven. Nuns of Vihara and drove back home.



Likely I observed Pariyatti examination for Sadhammapalaka Upadhi to Kovida at Yashodhara Bouddha Pariyatti Centre, Thaina on 30 Sept. 2023, 7 Oct. 2023, 14 Oct. 2023, 27 Jan. 2024, 3 Feb. 2024, 10 Feb. 2024.

**Conclusion:** Amazing! We were impressed to see the examinees from grand-son to grand-father attending exam in same hall, same room together in chilling cold. Besides, their willingness despite irregular classes, distant centres, and poor facilities has triggered my mind. We got a humble request from the centres from Terai or lowlands to change the exam time from early morning to afternoon. The same request I got during the observation at Yashodhara Bouddha Pariyatti Centre, Thaina. Doubtlessly, if it was cold to Kathmandu people, it was nasty to Terai. Likely Terai centres requested to take morning and day exams (classes 1 -6 in the morning and 7-10 in the afternoon) at one shift in the afternoon since the parents and children have exam in different time and exam centres are very far from their homes. Moreover, parents have to drop their children in the centre and have to attend their own exam in the afternoon. It was not comfortable.

However, their excitement to welcome us in the centres not only motivates us but also happiness for them as per their expression that somebody has visited their centre from Pariyatti Central office. The challenges they face automatically energize us to encourage them. There are still many more people waiting Pariyatti classes, education to pursuit of happiness. Hence, we have the great opportunity to motivate and support one another to cultivate moral strength and social responsibility.

References:

https://youtu.be/zul0dOcJoxI?si=beN8T_jbzK9RELiL

https://youtu.be/29KkcUdcev4?si=Rb5vE94W510KDOtr

https://www.facebook.com/photo/?fbid=10211170081084277&set=pcb.10211170093044576

https://www.facebook.com/photo?fbid=10211172518465210&set=pcb.10211172525105376

https://www.facebook.com/media/set?vanity=mettavolunteers.nepal&set=a.797488913722277



'सब्ब दानं धम्म दानं जिनाति'

# साधुवाद ज्ञापन



दिवंगत पिता **कुलरत्न तुलाधर** र माता **चिनीमाया तुलाधर**को पुण्यस्मृतिमा उहाँहरूको निर्वाण कामनार्थ चित्राशोभा तुलाधर, सपरिवार, तीनधारा, कुलरत्न मार्गबाट यस अंक प्रकाशन गर्नको लागि प्रायोजन गरिदिनु भएको हो । उहाँहरूलाई नेपाल बौद्ध परियत्ति शिक्षा साधुवाद व्यक्त गर्दछ ।

# परियत्ति गतिविधिहरू

## नेपालगञ्जमा प्रशिक्षक प्रशिक्षण तालिम सम्पन्न

अखिल नेपाल भिक्षु महासंघद्वारा सञ्चालित नेपाल बौद्ध परियत्ति शिक्षाको प्रशिक्षक प्रशिक्षण तालिम वि.सं. २०८१ बैशाख ६ देखि



